नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार, काठमाडौं

पत्र सङ्ख्या ६५।६६
चलानी नम्बर ४८०

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

मिति: २०७५।१२।२९

श्री सूचना शाखा,
१२।२९.

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार ।

**विषय: विद्यार्थी भर्ना अभियान २०७६ सम्बन्धमा ।**

प्रस्तुत विषयमा विगत २०६१ सालदेखि विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकालाई अभियान कै रुपमा विद्यालयमा प्रवेश गराउने कार्यक्रमका रुपमा विद्यार्थी भर्ना अभियान प्रत्येक वर्ष बैशाख २ गतेदेखि सञ्चालन हुदै आएको व्यहोरा अवगतै छ । शैक्षिक सत्र २०७६ का लागि नेपाल सरकार (मा.मन्त्रीस्तर) बाट **"हाम्रो नगर हाम्रो गाउँ, सबै बाबालिकालाई विद्यालय पुर्‍याऔं"** भन्ने आदर्श वाक्य चयन गरी भर्ना अभियान २०७६ यही बैशाख २ गतेबाट सञ्चालन गरिदैछ । यस अभियानमा महत्वपूर्ण भूमिका स्थानीय तहको नै रहने भएकाले ताहाँ मन्त्रालयबाट सबै स्थानीय तहलाई न्यूनतम रुपमा निम्न कार्य गर्ने व्यवस्था मिलाइ दिनु हुन यस मन्त्रालयको मिति २०७५।१२।२९ को सचिवस्तरीय निर्णयानुसार अनुरोध छ :

१. सबै स्थानीय तहहरुले आफ्नो वेव साइटमा **"हाम्रो नगर हाम्रो गाउँ, सबै बालबालिकालाई विद्यालय पुर्‍याऔं"** भन्ने आदर्श वाक्य राख्ने व्यवस्था मिलाउने ।

२. आफ्नो क्षेत्रमा विद्यालय बाहिर रहेका हरेक समूहका बालबालिकाहरूको नाम नामेसीसहितको विवरण २०७५ फागुन १६ गतेको गोरखापत्रमा प्रकाशित फारम बमोजिमको डाँचामा सङ्कलन गर्ने व्यवस्था मिलाइ तिनीहरूलाई विद्यालयमा भर्ना गर्ने र निरन्तर रूपमा टिकाउनका लागि कार्य योजना निर्माण तथा कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

३. जिल्लाको औसत खूद भर्ना दरभन्दा कम रहेका गाउँपालिका, नगरपालिका, वडा तथा पिछडिएको क्षेत्रअन्तर्गतका खास बस्ती पहिचान गरी सरोकारवाला सबैसँगको समन्वय र सहकार्यमा सघन रूपमा कार्यक्रम सञ्चालन गर्ने

४. बैशाख १५ गतेसम्म हरेक स्थानीय तहले विद्यालय र समुदाय केन्द्रित विभिन्न कार्यक्रम गर्ने र १५ गते पछि बैशाख मसान्तसम्म लक्षित समूह केन्द्रित विशेष घरदैलो अभियान सञ्चालन गर्ने ।

५. स्थानीय रेडियो, एफएम तथा पत्रपत्रिकामा विद्यार्थी भर्ना अभियान सम्बन्धी सार्वजनिक सन्देश, भर्ना अभियानसम्बन्धी गीत, लेख, रचना आदि स्थानीय भाषामा समेत प्रशारण तथा प्रकाशनको व्यवस्था मिलाउने ।

६. सामाजिक अभियन्ता, शिक्षाप्रेमी र समाजसेवी, राजनीतिकर्मी र इच्छुक व्यक्ति तथा संस्थाहरुलाई भर्ना अभियानमा सरिक हुन आह्वान गरी अभिभावकत्वको समेत व्यवस्था मिलाउने ।

७. कक्षा १-१० सम्म सामुदायिक विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाहरूलाई भर्नासँगै सेटमा नयाँ पाठ्यपुस्तक (कक्षा १-५ मा अध्ययन गर्ने सबैलाई रङ्गीन) उपलब्ध गराउने गरी प्रभावकारी वितरण प्रणालीसहितको कार्य योजना बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

८. चार वर्ष उमेर पूरा गरेका बालबालिकाहरूलाई प्रारम्भिक बाल शिक्षा कक्षामा भर्ना गराउने साथै विद्यालय शिक्षा तथा निरन्तर सिकाइको अवसर प्राप्त नगरेका विद्यालय उमेर समूह भन्दा बढी उमेर भएका प्रत्येक व्यक्तिलाई नियमित तथा वैकल्पिक सिकाइ अवसरहरु प्रदान गर्ने व्यवस्था मिलाउने ।

९. विशेष आश्यकता भएका सबै किसिमका बालबालिकालाई उमेर अनुसार मिल्दो सिकाइ स्थलमा निःशुल्क भर्नाको व्यवस्था मिलाउने ।

(विदुरराज गिरी)

उपसचिव